# ३ सनातन परमेश्वरको खिलाफमा विश्वव्यापी बिद्रोह र परमेश्वरका अग्रज मानव पूर्खाहरु

***यस अध्यायका मूल पदहरू:*** उत्पत्ति ४:१-१५, उत्पत्ति ३:९,१०, उत्पत्ति ४:९, ६:१-१३, भजन ५१:१, उत्पत्ति २२, उत्पत्ति २८:१२-१५।

***यस अध्यायका मूल पद:*** "हेर, म तिमीसँग छु। तिमी जहाँ गएतापनि म तिम्रो रखवाली गर्नेछु। अनि मैले तिमीलाई यस भूमिमा फिर्ता ल्याउनेछु। मैले तिमीलाई गरेको कबूल पूरा नहुञ्जेल म तिमीलाई छोड्ने छैन।" (उत्पत्ति २८:१५ रूपान्तरित)।

अदनको बगैंचामा मानिसको पतन भएपछि मानव संसार घातअन्तर्घात र टुक्रिएका सम्बन्धहरूका इतिहासहरूले भर्न गइरहेका छन्। स्वर्गमा थालनि गरिएको ख्रीष्टसँगको धार्मिक युद्ध शैतानले सारा संसारमा फैलाइ दिएको छ। कस्को वा कसरी आराधना गर्ने भन्ने निर्णायित्मक बिषयबस्तुको थालनि कैयन र हाबेलको कथाबाट सुरू भएको थियो। परमेश्वरको अस्तित्वको खिलाफमा बिद्रोह गरेर मृत्यु चुनेको कथा कैयन र हाबेलबाट थालेको यस संसारको इतिहासमा बारम्बार दोहोरिरहेको पाइन्छ।

परमेश्वरले सृष्टि गर्नुभएको सारा सृष्टि टुक्रा टुक्रा हुन गएको जलप्रलयको कथाले हामीलाई सिकाउँछ। परमेश्वरको विद्रोह र पापले गर्दा सबै सृष्टि तहसनहस भयो। पापले सबै कुरा बिगारी दियो र यस सुन्दर सृष्टिलाई ध्वस्त बनायो।

परमेश्वरको खिलाफमा छेडेको युद्धको अन्धकार पृष्ठभूमिमा अब्राहमको अनुभव आशाको उज्ज्वल किरण भएर चम्किरहेको पाइन्छ। परमेश्वरको बिरुद्धमा छेडिएको युद्धको परिणामहरू भोग्न परमेश्वर स्वयँ तयार हुनुभएको थियो भनेर अब्राहमको कथाले बताउँछ। पापले गर्दा हामी मर्नुपर्ने सट्टामा उहाँ आफै आएर मर्न तयार हुनुभयो जसले गर्दा मानव जगतले गुमाएको अनन्त जीवन हामीले फेरि प्राप्त गर्न सकौं।

अनि याकूब, एसाब, युशुफ र उनका दाजुहरूको कथाबाट मानव मानव बीचमा आपसी सम्बन्धलाई निरन्तररूपमा टुक्राउन शैतान कसरी सक्रिय भइरहको छ भन्ने ज्वलन्त उदाहरणहरू प्रस्तुत भएको देखाउँछ। परिवार र मानव समाजमा भइरहेको सुमधुर सम्बन्धलाई सहन नसकी त्यसलाई ध्वस्त

पार्न शैतानले बिभिन्न औजारहरू प्रयोग गरिरहेको बाइबलकै कथाहरूबाट बुझाउन खोजिएको पाइन्छ।

परमेश्वरको खिलाफमा मानिसहरू गएतापनि कष्ट पाइरहेका उहाँका सन्तानको भलो चिताउने उहाँको नि◌ेष्ठा, तिनीहरूलाई सहायता गर्न र साहस दिन उहाँको निरन्तरता जारी भएको बाइबलकै कथाहरूले स्पष्ट पारेको हामी देख्न सक्छौं।

## १. कैयन र हाबेल (उत्पत्ति ४:१-१५)

आदम र हव्वाको दोस्रो पुस्तामा नै पापको जग कसरी गाढिन
पुगिसकेको रहेछ भनेर उत्पत्ति ४:१-१५ले बताउँछ। हेर्नुहोस् "१ आफ्नी
पत्नीसित आदमको सहवास भयो, र तिनी गर्भवती भएर कयिनलाई जन्माइन्, र
भनिन्, "परमप्रभुको सहायताले एक पुरुष जन्माएँ।" २ फेरि तिनले कयिनको
भाइ हाबिललाई जन्माइन्। हाबिल भेड़ा-गोठाला भए, र कयिनचाहिँ भूमिको
खेतीकिसानी गर्ने भए। ३ केही समय बितेपछि कयिनले परमप्रभुकहाँ भूमिको
उब्जनीबाट केही ल्याए। ४ तर हाबिलले आफ्ना भेड़ाको बगालबाट पहिले
जन्मेका पाठाहरूका बोसे भाग ल्याए। परमप्रभुले हाबिल र तिनको भेटी ग्रहण
गर्नुभयो, ५ तर कयिन र तिनको भेटी ग्रहण गर्नुभएन। यसैले कयिन ज्यादै
रिसाए, र तिनको मुख अँध्यारो भयो। ६ तब परमप्रभुले कयिनलाई भन्नुभयो,
"तिमी किन रिसाउँछौ? तिम्रो मुख किन अँध्यारो छ? ७ यदि तिमीले जे ठीक छ
त्यो गर्‍यौ भने तिमी ग्रहणयोग्य हुँदैनौ र? तर यदि तिमीले ठीक काम गरेनौ
भनेता पाप तिम्रो ढोकैमा ढुकिबस्छ। त्यसको इच्छा तिमीप्रति हुन्छ, तर तिमीले
त्यसलाई अधीन गर्नैपर्छ।" ८ कयिनले आफ्ना भाइ हाबिललाई भने, "आऊ,
हामी बाहिर खेतमा जाऔं।" अनि जब तिनीहरू खेतमा थिए तब कयिनले आफ्ना
भाइ हाबिलमाथि आक्रमण गरेर तिनलाई मारे। ९ तब परमप्रभुले कयिनलाई
सोध्नुभयो, "तिम्रो भाइ हाबिल कहाँ छ?" तिनले भने, "मलाई थाहा छैन। के म
मेरो भाइको गोठाला हुँ र?" १० परमप्रभुले भन्नुभयो, "यो तिमीले के गर्‍यौ?
तिम्रो भाइको रगतले भूमिबाट मसँग गुहार मागिरहेछ। ११ तिमी अब श्रापित
भएर यस भूमिबाट खेदिएको छौ, जसले तिम्रो भाइको रगत तिम्रो हातबाट
लिनलाई आफ्नो मुख उघार्‍यो। १२ तिमीले भूमिको खेती गर्दा अब उप्रान्त
त्यसले तिमीलाई आफ्नो उब्जनी दिनेछैन। तिमी पृथ्वीमा एक विनाचैनको
डुलुवा हुनेछौ।" १३ कयिनले परमप्रभुलाई भने, "मैले सहनै नसक्ने कड़ा दण्ड
मलाई भयो। १४ हेर्नुहोस्, आज तपाईंले मलाई यस भूमिबाट निकालिदिनुहुन्छ,

र तपाईंको उपस्थितिबाट मैले लुक्नुपर्नेछ। म पृथ्वीमा विनाचैनको डुलुवा हुनेछु, र मलाई फेला पार्ने जोसुकैले पनि मलाई मार्नेछ।" १५ तर परमप्रभुले तिनलाई भन्नुभयो, "त्यसो होइन, जसले कयिनलाई मार्छ त्यससित सात गुणा बदला लिइनेछ।" अनि कयिनलाई कसैले फेला पारेर नमारोस् भनी परमप्रभुले तिनीमाथि एउटा चिन्ह लगाइदिनुभयो। १६ तब कयिन परमप्रभुको उपस्थितिबाट निस्केर अदनको पूर्वपट्टि भएको नोद* भन्ने देशमा बस्न लागे।"

जब कयिनको जन्म भयो तब हव्वा अत्यन्त खुशी भएकी थिइन्। उत्पत्ति ३:१५मा दिएको प्रतिज्ञा अनुसार आफूले उद्धारकर्ताको जन्म दिएँ भनेर हव्वाले पूर्णरूपमा बिश्वास गरेकी थिइन्। "मैले परमेश्वरबाट पुरूष बालक जन्माएँ" भनेर हव्वा भाव बिभोर भएकी थिइन् (उत्पत्ति ४:१ रूपान्तरित)। त्यस पदलाई यसरी पनि अनुवाद गर्न सकिन्छः "मैले पुरुषलाई बनाएँ-प्रभु।" मानिसलाई पापबाट उद्धार गर्न प्रतिज्ञा गरिएको मुक्तिदाता (येशू)लाई उनले जन्माइन् भनेर हव्वा बिश्वस्त भएकी थिइन् भनेर त्यसले देखाउँछ।

कयिनको बालककालको बारेमा वा आफ्नो पहिलो छोरो जन्मन्दा नयाँ आमाबाबु हुन गएका आदम र हव्वा गौरबसाथ रमाइलो मानेका थिए भनेर बाइबलले केही पनि बताउँदैन। त्यो कथा तुरन्तै दोस्रो छोरोको जन्म र ती दुई छोराहरू परमेश्वरको उपासना गर्न गए भनेर बताउँछ। पूजा गर्ने चलन वा धार्मिक विधिको असहमतीले गर्दा दुःख लाग्दो घट्नामा कथा टुङ्गिन्छ भनेर बाइबलले प्रायजसो उल्लेख गरेको पाइन्छ।

जब आदम र कयिनले पाप गरे पछि जुन् प्रश्न परमेश्वरले तिनीहरूलाई सोधे तब तिनीहरूको सोच र भावना झण्डै एकै नासको देखिन्छ तर त्यसमा केही भिन्नता छ, त्यो के हो? हेर्नुहोस् " ९ तर परमप्रभु परमेश्वरले मानिसलाई बोलाउनुभयो, "तिमी कहाँ छौ?" १० उनले भने, "मैले तपाईंको स्वर बगैंचामा सुनें र म डराएँ, किनभने म नाङ्गै थिएँ, र म लुकें।" उत्पत्ति ३:९-१० । " ९ तब परमप्रभुले कयिनलाई सोध्नुभयो, "तिम्रो भाइ हाबिल कहाँ छ?" तिनले भने, "मलाई थाहा छैन। के म मेरो भाइको गोठाला हुँ र?" उत्पत्ति ४:९ ।

कयिनको भावनाको तुलनामा आदमका भावनाहरू फरक भएको हेर्नुहोस्। आदम अलमलिएको, डराएको र लज्जित भएको थियो भने कयिन रिसाएको नकारात्मक र परमेश्वरप्रति आक्रमक भएको थियो। आदमले कमजोर

बहाना बनाएका थिए भने कयिनले परमेश्वरसँग नडराएर सरासर झुठो बोलेको थियो।

कयिनको दुःखित घट्ना पछि केही आशा आदम र हव्वाको जीवनमा पलाउन थालिएको थियो। सेथको जन्म भएपछि फेरि प्रतिज्ञा गरिएको पुत्रको जन्म भयो भनेर हव्वाले सोचेकि थिइन् (उत्पत्ति ४ः२५)। सेथको अर्थ "स्थान दिएको वा राखिएको" हो। त्यही शब्द उत्पत्ति ३ः१५मा प्रयोग गरिएको छः शैतानको शीरलाई कुल्चाउन उद्धारकर्तालाई चुनौतीको रूपमा स्थान दिइनेछ। हाबेलको ठाउँमा नयाँ छोरोलाई बिऊ वा सन्तानको रूपमा हव्वाले वयान गरेकि थिइन्। असल र खराबको बीचमा भएको महान् युद्धले धेरै दुःख, कष्ट र पिडा भएको भएको थियो जुन निरन्तररूपमा फैलिरहेको छ। तर मुक्ति पाउन मानिसहरूले आशा गरिरहेका छन्। त्यो बिना हामीहरूको यस संसारमा जन्मेको औचित्य के?

आफ्नो प्रियपुत्र हाबेलको मृत्युमा आदम र हव्वा कस्तो दुःखित भए होलान्, सोच्नुहोस्। मृत्यु आफै पनि पिडादायी थियो तर आफ्नो छोरालाई अर्को छोराले हत्या गर्दा झन कस्तो पिडादायी थियो होला। तिनीहरूले दुबै छोराहरूलाई गुमाउनुपऱ्यो। पापले पापमात्र होइन अझ झन ठूलो क्षति गर्न सक्दो रहेछ भन्ने तितो सत्य र कठोर पाठबाट हामीले के सिक्ने?

## २. जलप्रलय (उत्पत्ति ६ः१-१३)

उत्पत्ति ६ः१-१३मा बिश्वव्यापी जलप्रलयको कथा छ। त्यहाँ असल र खराबको बीचमा महान् बैचारिक युद्ध भएको देख्छौं। त्यो के हो? त्यो युद्ध अहिले कस्तो चर्को रूपमा चलिरहेको छ? हेर्नुहोस्ः "१ जब मानिसहरूको संख्या पृथ्वीमा बढ्दैगयो र तिनीहरूका छोरीहरू जन्मे, २ तब परमेश्वरका छोराहरूले मानिसका छोरीहरूलाई सुन्दरी देखे, र आफूहरूलाई मनपर्ने पत्नीहरू ल्याए। ३ तब परमप्रभुले भन्नुभयो, "मेरो आत्माले मानिससँग सधैं संघर्ष गर्नेछैन, किनभने त्यो मरणशील हो। त्यसको उमेर एक सय बीस वर्षको हुनेछ।" ४ त्यस बेला र त्यसपछि पनि पृथ्वीमा नेफिलीमहरू थिए। परमेश्वरका छोराहरू मानिसका छोरीहरूकहाँ जान लागे र सन्तान जन्माए। तिनीहरू नै उहिलेका शूरवीर र नाउँ चलेका मानिसहरू थिए। ५ पृथ्वीमा मानिसहरूको दुष्टता बढ़ी भएको र तिनीहरूका हृदयका विचारको जुनसुकै पनि भावना निरन्तर खराबै मात्र भएको परमप्रभुले देख्नुभयो। ६ पृथ्वीमा मानिसलाई बनाउनुभएकोमा परमप्रभुले अफसोस गर्नुभयो, र उहाँ मनमा साह्रै

दुःखित हुनुभयो। ७ त्यसकारण परमप्रभुले भन्नुभयो, "मैले सृष्टि गरेको मानिसलाई पृथ्वीबाट म मेटिदिनेछु– के मानिस, के घस्रने जन्तु, के आकाशका पन्क्षी सबैलाई– किनभने ती बनाएकोमा मलाई दुःख लागेको छ।" ८ तर नोआमाथि चाहिँ परमप्रभुको अनुग्रह भयो। ९ नोआको वृत्तान्त यही हो। आफ्नो पुस्तामा नोआ धर्मी र निर्दोष मानिस थिए। तिनी परमेश्वरको साथै हिँड्ने गर्थे। १० नोआले तीन जना छोराहरू जन्माए– शेम, हाम र येपेत। ११ परमेश्वरको दृष्टिमा पृथ्वी भ्रष्ट भएको र उपद्रवले भरिएको थियो। १२ जब परमेश्वरले पृथ्वीमाथि दृष्टि गर्नुभयो तब त्यो भ्रष्ट भएको देख्नुभयो, किनकि पृथ्वीमा भएका सबै मानिसहरूले आफ्ना चालचलन भ्रष्ट पारिसकेका थिए। १३ यसकारण परमेश्वरले नोआलाई भन्नुभयो, "सबै मानिसहरूको अन्त्य गर्ने मैले अठोट गरेको छु, किनभने पृथ्वी तिनीहरूद्वारा उपद्रवले भरिएको छ। हेर, म तिनीहरूलाई पृथ्वीसमेत नाश गर्नेछु।"

जलप्रलयको घट्नामा केही यस्ता बिशेष क्रियाकलापहरू भएका थिए जुन् सृष्टिको समय अघि भएका थिए। परमेश्वरले छुट्याउनुभएको कतिपय थोकहरू अब एकत्रित पार्नुभएको थियो। माथिको पानी र तलको पानी, समुद्र र सुख्खा जमिन, आकाशका चराहरू र जमिनका सबै जीवहरू। झट्ट हेर्दा पृथ्वी पहिलेको जस्तै सुन्य र आकारहिन हुन गएको जस्तो देखिन्थ्यो (उत्पत्ति १:२)।

असत्यका बीरहरूले जितेको भान भएको थियो। तर परमेश्वरको सृजनात्मक प्रतिभाले अझै काम गरेको थियो। उहाँले बिभिन्न थोकहरूलाई अलग गरेर नयाँ सृष्टिको थालनि गर्नुहुन्छ। पहिला उहाँले नोहालाई अलग गर्नुहुन्छ। उनी त्यसबेलाको सभ्यतामा रहेका मानिसहरूभन्दा धर्मी र निर्दोष थिए। त्यसबेलाका मानिसहरूको दुष्टता, दुष्ट बिचारहरू, अनैतिकता र लडाईमात्र गर्न चाहने प्रवृत्ति चुचुरोमा पुगेको थियो (उत्पत्ति ६:८,९ र उत्पत्ति ६:५,११-१३ तुलना गरेर पढ्नुहोस्)। अनि नोहालाई ठूलो डुङ्गा बनाउन परमेश्वरले जिम्मा दिनुहुन्छ। अनि परमेश्वरले साना मानिसहरूको समूह, चरा र जन्तुहरूलाई अलग गर्नुहुन्छ। तिनीहरूलाई नोहाले बनाएका बिशाल डुङ्गामा जलप्रलयपछि सुरक्षित राख्नको राख्नुहुन्छ। परमेश्वरको अनुग्रह र सदाशयताले गर्दा पुरानो पृथ्वीबाट नयाँ संसारको उदय हुन्छ। त्यहाँ नयाँ सृष्टि हुन्छ।

तर त्यो सृष्टि सिद्ध थिएन। जलप्रलयको अन्तपछि जब नोहा र उनका परिवारहरू घरजम गरिरहेका थिए तिनीहरूले आफ्ना कमजोरपनालाई देखाएका थिए। नोहा मादक पदार्थ पिएर सुते र त्यहाँ लज्जास्पद काम भएको थियो (उत्पत्ति ९:२०-२७)। परमेश्वरका विश्वासका बिरहरूमध्ये (हिब्रू ११:७) एकजनाको खराब चर्तिकला त्यहाँ देखिएको थियो। असल र खराबको बीचको महान् बैचारिक संग्राम सारा संसारमा चलिरहेको छ र मानिसहरूको हृदयमा त्यसले निरन्तररूपमा अड्डा जमाइरहेको छ।

जलप्रलयमा डुङ्गामा भएका बाहेक सबै जीवहरूको नाश गरिएको भनेर बाइबलले बताउँछ (उत्पत्ति ७:४)। मुक्तिदाताले मानिसहरूका पापको दाग हटाउन वा तिनीहरूलाई क्षमा दिने कामलाई झण्डै त्यही शब्द प्रयोग गरेको पाइन्छ (यशैया २५:८,, ४३:२५, भजन ५१:१)। कि त हामीहरूको जीवन पापले सखाप पारेको हुन्छ कि त हामीहरूमा भएका पापलाई परमेश्वरले सखाप पार्नुहुन्छ। धर्म र अधर्म वा पाप र असल सेतो र कालो जस्ते छ भनेर त्यस तथ्यले कसरी बताउँछ?

## ३. अब्राहम (उत्पत्ति २२:१-१९)

परमेश्वरप्रति निष्ठाको लौह पुरुषमा अब्राहमको नाउँ उच्च शिखरमा आउँछ। पहिला उनको नाउँ अब्राम थियो। तर उनको जीवन कहानीले यो बताउँछ कि उनी भन्दा परमेश्वर उनीप्रति बफादार भएको देखाउँछ। दुई पल्ट परमेश्वरले अब्राहमलाई छोरो दिने कबूल गर्नुभएको थियो। अब्राहम ७५ वर्षको हुँदा त्यो समाचार परमेश्वरले पहिला दिनुभएको थियो (उत्पत्ति १२:२,४)। अनि दश वर्षपछि फेरि त्यही प्रतिज्ञा उनलाई परमेश्वरले दोहोऱ्याउनुभएको थियो (उत्पत्ति १३:१६)।

परमेश्वरप्रति अब्राहमको बिश्वास बेलाबेलामा छचल्किएतापनि आखिरमा कबूल गरिएको छोरो इसाहकको जन्म भएको थियो। र परमेश्वरको बचनवद्धता अब्राहमलाई अन्तमा देखाउनुभएको थियो (उत्पत्ति १७:१९,२१, उत्पत्ति २१:३-५)।

कथा अचम्म लाग्दो भएतापनि उत्पत्ति २२:१-१९मा असल र खराबको महान् बिबादमा आशाको किरण कसरी देखाएको छ? हेर्नुहोस् "१ केही समयपछि परमेश्वरले अब्राहामको ठूलो जाँच गर्नुभयो, र तिनलाई भन्नुभयो, "हे अब्राहाम।" तिनले भने, "म यहीँ छु।" २ उहाँले भन्नुभयो, "तिम्रो छोरो, अर्थात् तिमीले माया गरेको तिम्रो एउटै छोरो इसहाकलाई लिएर

मोरीयाहको देशमा गई मैले तिमीलाई देखाएको डाँड़ामा त्यसलाई होमबलि
गर्।" ३अब्राहाम बिहानै उठेर गधामा काठी कसे , र आफ्ना
कमाराहरूमध्येका दुई जना र छोरो इसहाकलाई साथमा लिए, र होमबलिको
निम्ति दाउरा चिरेर परमेश्वरले तिनलाई भन्नुभएको त्यस ठाउँमा हिँड़े। ४
तेस्रो दिन अब्राहामले हेर्दा टाढ़ामा त्यो ठाउँ देखे। ५ तब अब्राहामले आफ्ना
माराहरूलाई भने, "तिमीहरू यहीँ गधासँग बस। म र यो केटो ऊ परसम्म
गएर पूजा गरी तिमीहरूकहाँ फर्केर आउनेछौं।" ६ अब्राहामले होमबलिको
दाउरा उठाएर आफ्नो छोरो इसहाकलाई बोकाए, र आगो र छुरी आफ्नो तमा
लिए। यसरी ती दुवै जना सँगसँगै गए। ७ इसहाकले आफ्ना पिता
अब्राहामलाई भने, "बुबा।" तिनले भने, "के हो, छोरा?" त्यसले भन्यो, "यी आगो
र दाउरा त छन्, तर होमबलिको थुमाचाहिँ खोइ?" अब्राहामले भने, "छोरा,
परमेश्वरले नै होमबलिको निम्ति थुमा जुटाइदिनुहुनेछ।" अनि ती दुवै सँगसँगै
गए। ९ परमेश्वरले तिनलाई भन्नुभएको ठाउँमा पुगेपछि अब्राहामले त्यहाँ
एउटा वेदी बनाएर दाउरा तह लाएर राखे। त्यसपछि तिनले आफ्नो छोरो
इसहाकलाई बाँधेर वेदीमा दाउरामाथि राखे। १० तब अब्राहामले आफ्नो
रालाई बलि गर्न छुरी उठाए। 11 तर परमप्रभुका एउटा दूतले स्वर्गबाट
तिनलाई हपारेर भने, "ए अब्राहाम, अब्राहाम!" तिनले भने, "म यहीँ छु।" उनले
भने, 'तिम्रो हात त्यस केटामाथि नउठा, र त्यसलाई केही नगर्। अब मैले थाहा
पाएँ तिमी परमेश्वरसँग डराउँदोरहेछस्, किनकि तिम्रो छोरो, तिम्रो एकमात्र
छोरालाई पनि मबाट तिमीले रोकेर राखेनौ।" १३ अब्राहामले माथितिर हेरे र
एउटा भेड़ा झाड़ीमा सीङ अल्झेर फसेको देखे। अब्राहामले गएर त्यस
भेड़ालाई ल्याए, र तिनका छोराको सट्टामा त्यसैलाई होमबलि गरे। १४
यसकारण अब्राहामले त्यस ठाउँको नाउँ "परमप्रभुले जुटाउनुहुन्छ" राखे।
"परमप्रभुको डाँड़ामा जुटाइनेछ" भनी आजपर्यन्त भनिन्छ। १५ परमप्रभुका
दूतले दोस्रो पल्ट स्वर्गबाट अब्राहामलाई कराएर भने, १६ "परमप्रभु भन्नुहुन्छ,
'मैले आफ्नै नाउँमा शपथ खाएको छु, कि तिमीले यो काम गरेकोले र तिम्रो
छोरो, अर्थात् तिम्रो एउटै छोरालाई पनि मबाट नरोकेकोले म निश्चय नै
तिमीलाई आशिष् दिनेछु। १७ तिम्रा सन्तानको वृद्धि गरेर आकाशका तारा र
समुद्र किनारका बालुवासरह म तुल्याउनेछु। तिम्रा सन्तानले आफ्ना शत्रुहरूका
सहरहरू कब्जा गर्नेछन्। १८ तिम्रै सन्तानद्वारा पृथ्वीका सबै जातिहरू
आशीर्वादी हुनेछन्, किनकि तिमीले मेरो वचन पालन गर्‍यौ।" १९ त्यसपछि

अब्राहाम आफ्ना कमाराहरूकहाँ फर्केर आए, र तिनीहरू उठे र बेर्शेबासम्म सँगसँगै गए। र अब्राहाम बेर्शेबामा बसोबास गरे।"

"परमेश्वरले अब्राहमलाई आफ्नो छोरालाई बलि चढाउन अऱ्हाउनुभयो। सुसमाचारको प्रभाव उनको दिमागमा गाढ्न र उनको बिश्वासको परिक्षा गर्न त्यो काम अऱ्हाउनुभएको थियो। त्यस भयावह परिक्षाको दौरानमा जुन् अन्धकार दिनहरू अब्राहमले पिडापूर्वक भोग्न दिएका थिए, त्यसले आफ्नै अनुभवबाट मानिसको मुक्तिको निम्ति परमेश्वरले कस्तो महान् त्याग गर्नुहुनेछ भनेर उनले बुझौस् भनेर देखाइएको थियो। आफ्नै पुत्रलाई बलि चढाउने परिक्षाभन्दा अरू कुनै अरू कुनै परिक्षा अब्राहमको निम्ति कष्ट हुने थिएन। परमेश्वरले आफ्नै पुत्रलाई कष्ट, पिडा र लज्जास्पद मृत्युमा सुम्पनुभएको थियो। मृत्युको मुखमा पर्दा महान् बेदना खप्नुपरेको परमेश्वरको पुत्रको मृत्युलाई रोक्न स्वर्गदूतहरूलाई अनुमती दिनुभएको थिएन जसरी अब्राहमको मामिलामा दिइएको थियो। "अब पुग्यो" भन्ने कुनै बुलन्द आवाज त्यहाँ थिएन। पतित मानिसहरूलाई उद्धार गर्न महिमाको राजा येशूले आफ्नै जीवन त्याग्नु भएको थियो। परमेश्वरको असिमित प्रेम र करूणाको बलियो प्रमाण त्यो भन्दा अरू के होला? हाम्रो निम्ति उहाँले सबै थोक त्याग्नुभयो। त्यस परमेश्वरले हामीलाई चाहिने अरू सबै थोक सित्तैंमा दिनुहुन्न र? (रोमी ८:३२ रूपान्तरित)।"

"जुन त्याग तथा बलिदान अब्राहमबाट अपेक्षा गरिएको थियो त्यो उनको निम्तिमात्र नभएर भविष्यका समस्त भावी पिढीहरूको फाइदाको निम्ति थियो। त्यतिमात्र नभएर स्वर्ग र अरू संसारहरूमा रहेका पतित नभएका मानिसहरूको पाठको निम्ति पनि थियो। ख्रीष्ट र शैतानको बीचमा भएको महान् बैचारिक द्वन्द्व र मुक्तिको योजना सारा जगतको निम्ति पाठ्यपुस्तक भएको छ। कतिपय समयमा अब्राहमले परमेश्वरमाथिको बिश्वासमा कमजोर भएको देखाएका थिए। आफू र परमेश्वरसँगको सम्झौतामा चल्न उनी चुकेकोले परमेश्वर र स्वर्गदूतहरूको सामुन्ने शैतानले अब्राहमलाई दोषी ठहऱ्याएको थियो। त्यसको अर्थ परमेश्वरले प्रतिज्ञा गर्नुभएको आशिष र अब्राहमसँग गरिएको करारको उपभोग गर्न अब्राहम अयोग्य ठहरिने थियो। तर सारा स्वर्ग र जगतको सामु आफ्नो सेवक अब्राहम कतिको बफादारी छ भनेर परमेश्वरले प्रमाण गर्न चाहनुभएको थियो। परमेश्वरले हामीहरूलाई यो पनि सिकाउन चाहनुभएको थियो कि हृदयदेखि निष्ठावान भएर उहाँका वचनहरू

सिद्धरूपमा पालन गरेमात्र उहाँको निम्ति स्वीकार्य हुनेछ। परमेश्वरले तर्जुमा गर्नुभएको मुक्तिको योजनालाई स्पष्ट पार्न त्यो भन्दा कमसल निष्ठा वा देखावति बिश्वास उहाँको निम्ति मान्य हुनेछैन।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. १५५बाट रूपान्तरित।

## ४. याकूब र एसाव (उत्पत्ति २८:१२—१५)

याकूब र एसावको कथामा परमेश्वरको लक्ष्य र मानिसको योजनाको बीचमा भइरहेको तकराव वा भिडन्त जारी भएको ज्वलन्त उदाहरणले देखाउँछ। बाबुको मृत्यु पूर्व जेठो छोरोलाई बिशेष आशिष वा सम्पत्तिको हकदार बनाउने चलन बाइबलको समयमा प्रचलित थियो। जेठो छोरो बाबुको हकवाला हुने बर्तमान समयमा पनि कुनै नौलो होइन। त्यसको अर्थ बाबुको प्रायजसो सबै सम्पत्ति उसको हुने अधिकार उसले प्राप्त गरेको हुन्छ। त्यसले यो पनि बताउँछ कि परिवारको हितको जिम्मा जेठो छोरोलाई सुम्पिएको हुन्छ।

तर याकूबले छल गरेर त्यो हकदार आफूलाई बनाएकोमा एसावले उसप्रति घृणा जागेको थियो। पिताको मृत्युपछि याकूबको हत्या गर्न एसाबले योजना बनाएको थियो (उत्पत्ति २७:४२)। बाबुलाई छल गरेर जेठो छोरो एसाबलाई धोका दिएको कारण कान्छो छोरोको जीवन खतरामा परेको महसुस गरेर आमा रेबकाले याकूबलाई केहि दिन सुरक्षित स्थानमा पठाएकी थिइन्। उनले भन्ठानी कि केही दिनमा सबै थोक ठीक हुनेछ (उत्पत्ति २७:४३,४४)। त्यो केही दिन २० वर्षमा परिणत भयो। रेबेकाले आफ्नो कान्छो छोरो फेरि कहिलै पनि देख्न पाइनन्।

याकूब आफ्नो मामा घरमा जाँदा कुनै ठाउँमा सुत्नुपरेको थियो र उनले सपना देखेको थियो। त्यसमा याकूबलाई कस्तो ठूलो आशाको कबूल परमेश्वरले दिनुभएको थियो? हेर्नुहोस् उत्पत्ति २८:१०-१५ "१० बेर्शेबा छोड़ेर याकूब हारानतिर लागे। ११ कुनै एउटा ठाउँमा पुगेपछि सूर्य अस्ताएको हुनाले तिनी त्यस रात त्यहीँ वास बसे। त्यस ठाउँका ढुङ्गाहरूबाट एउटा लिएर तिनले आफ्नो सिरान बनाएर सुत्नलाई त्यहीँ पल्टे। १२ तिनले यस्तो सपना देखेः जमिनमा खड़ा गरिएको एउटा भऱ्याङ रहेछ, र त्यसको टुप्पाचाहिँ आकाशसम्मै पुगेको रहेछ र परमेश्वरका दूतहरू त्यसमा उक्लने र ओर्लने गर्दारहेछन्। १४ परमप्रभु त्यसमाथि उभिनुभयो, र याकूबलाई भन्नुभयो, "म परमप्रभु, तिम्रा पिता अब्राहामका परमेश्वर र इसहाकका परमेश्वर हुँ। जुन

भूमिमा तिमी ढल्किरहेको छौ त्यो म तिमीलाई र तिम्रा सन्तानहरूलाई दिनेछु। १५ तिम्रा सन्तान पृथ्वीको धूलोसरह हुनेछन्। पूर्व, पश्चिम, उत्तर र दक्षिणतिर फैलिएर तिमी जानेछौ। तिमी र तिम्रा सन्तानहरूद्वारा नै पृथ्वीका सबै मानिसहरू आशीर्वादी हुनेछन्। 15 हेर, म तिमीसँग छु र तिमी जहाँसुकै गए तापनि तिमीलाई रक्षा गर्नेछु, र तिमीलाई यस ठाउँमा फर्काएर ल्याउनेछु। मैले तिमीलाई भनेको कुरा पूरा नगरुञ्जेल म तिमीलाई छोड्नेछैनँ।"

अब्राहमलाई दिनुभएको प्रतिज्ञा याकूबलाई दोहोऱ्याउनुभएर परमेश्वर आफूले अब्राहमालाई दिनुभएको बचन पालन गर्न अझपनि बचनबद्ध हुनुहुन्छ भनेर स्पष्ट पार्नुभएको थियो। यो सही हो कि याकूको क्रियाकलापले परमेश्वरको योजनाको खिलाफमा गएको देखाएको थियो। तर परमेश्वर अझै पनि उनीसँग हुनुहुन्थ्यो। आफ्नो गलत कामले गर्दा याकूब २० बर्षसम्म दुःख भोग्नुपऱ्यो। आफ्नै मामा ससुराले उनको बिवाहमा उनलाई छल गऱ्यो र उनलाई दिनु पर्ने तलबमा गडबड गऱ्यो (उत्पत्ति २९:२०-२७, ३१:७)। आफूले प्रेम गरेको पत्नी पाउन याकूबले धेरै बर्ष काम गर्नुपर्दा उनको निम्ति केवल केही दिनहरूमात्र भएको थियो। त्यो त्यही समयको अवधी थियो जुन् रेबेकाले ठानेकी थिइन् कि उनीबाट याकूब परमेश्वर गयो भने सबै कुरा ठीक हुनेछ (उत्पत्ति २९:२०)।

जब याकूब आफ्नो घरमा फर्कन चाहेको थियो तब उनलाई उनको मामा ससुरा लेबानले उनको पिछा गरेको थियो (उत्पत्ति ३१:२५,२६)। अनि याकूबलाई भेट्न एसाबले ४०० जनाको जत्था लगेको थियो। ती दुबै परिस्थिति याकूबको निम्ति त्रासपूर्ण थियो। अनि परमेश्वरले दुबै पल्ट उनलाई बचाउन हस्तक्षेप गर्नुभएको थियोः पहिला लेबानको सपनामा उहाँले याकूबलाई नछुनु भन्नुभएको थियो (उत्पत्ति ३१:२४)। अनि याकूबसँगको आफ्नो भिडन्तमा उनलाई लङ्गडो बनाइएको थियो (उत्पत्ति ३२:२४-३०)। जब एसाबले याकूबलाई लहरो टेकेर भेट्न गए तब लङ्गडो याकूबले आफूलाई केही गर्न सक्दैन भनेर एसाबले सोचेको थियो। याकूबले आफ्नो कोशेलीहरू एसाबलाई अघि पठाएर आफ्नो नम्रताको परिचय दिएका थिए। याकूबको कोशेली र उनका बचनहरूले एसाबको घाऊमा मलहमपट्टी लगाउन मद्दत गऱ्यो। दुबै दाजुभाईको मिलन सुमधुर भएको थियो। ती दुबै दाजुभाईको बारेमा अन्तिम भेट आफ्नो बाबुलाई गाड्ने बेलामा भएको थियो (उत्पत्ति

३५:२९)। बाबुको मृत्युपछि याकूबलाई बदला लिने एसाबको प्रण मेटिएको थियो।

मूर्ख निर्णयहरूले गर्दा याकूबको घरानामा पिडा र कष्ट आएको थियो। त्यसमा दोषी र निर्दोषी दुबैले दुःख पाएको थियो। हामीले काम गर्नुभन्दा पहिला सोच्नु पर्छ भन्ने ज्ञान कसरी सिक्ने?

## ५. युशूफ र उनका दाजुहरू (उत्पत्ति ४५:४-११)

जसरी याकूले आफ्नो दाजुको छल गरेको थियो त्यसले ठूलो दण्ड भोग्नु पर्ने थियो। युशूफ र उनका दाजुहरूको बीचमा भएको छलको बारेमा पनि बाइबलमै हामी पढ्न सक्छौं।

बाबुले युशूफलाई बढि माया गरेको कारण दाजुहरू र उनको बीचमा घृणाको बातावरण बनेको हामी पाउँछौं (उत्पत्ति ३७:३,४)। याकूबले आफ्नो छोरा युशूफलाई बनाइदिएको बिशेष रङ्गचङ्गी कोट वा पोशाक केवल धर्को धर्को भएको कपडाको मात्र थिएन। बाइबलमा उल्लेखित भाषाले यो बताउँछ कि युशूफले लगाएको पोशाक महङ्गो र राजाहरूले लाउने जस्तो थियो। महङ्गो रङ्गिचङ्गी धागोले त्यो कोट याकूबले बनाएर युशूफलाई लगाइदिएको थियो। त्यो बनाउन कमसेकम एक बर्ष लाग्यो होला।

युशूफले बिशेष कोट लगाउन पाएकोमा झङ्केला दाजुहरू उनी प्रति डाह गरिरहेकै बेलामा उनले यस्तो सपना देखे कि उनका दाजुहरू उनको सामु ढोगेको थियो रे। त्यो सपना आफ्ना दाजुहरूलाई भन्दा त उनीप्रती डाह; ईख र घृणाले ओतप्रोत हुन पुगेको थियो (उत्पत्ति ३७:५-११)। अनि दाजुहरू मिलेर युशूफलाई सदाको निम्ति तिनीहरूको जीवनबाट हटाउन सजिलो हुन्छ भनेर मिलोमत्तो गरेको हुनुपर्छ। तर तिनीहरूको दुष्ट योजनालाई परमेश्वरले कसरी उल्टयाउनुभयो भनेर तिनीहरूले कहिलै पनि सोचेका थिएनन्। युशूफलाई हटाउने योजनालाई नै परमेश्वरले उपयोग गरेर धेरै बर्षपछि ती दाजुहरूलाई उद्धार गर्न लगाइयो।

बिश्वब्यापी अनिकाल परेको बेलामा युशूफ मिश्रको प्रधानमन्त्री हुन पुगेको थियो। उनको कुशल नेतृत्वमा मिश्रदेशमा भकारीहरूमा अन्नहरूले भरिएका थिए र उनका दाजुहरूले अन्न किन्न आउँदा तिनीहरूले उनलाई चिनेको थिएन। जब तिनीहरूले चिने तब तिनीहरू डरले थुरथुर कामेका थिए। त्यसबेला युशूफले तिनीहरूलाई ढादस दिएर परमेश्वरको बृहत योजनाको बारेमा सम्झाएका थिए। हेर्नुहोस् उत्पत्ति ४५:४-११ "३ योसेफले आफ्ना

दाजुभाइहरूलाई भने, "म योसेफ हुँ। के मेरा बाबु जीवितै हुनुहुन्छ?" तर तिनका दाजुहरूले तिनलाई जवाफ दिन सकेनन्, किनकि तिनको सामुन्ने उनीहरू घबराएका थिए। ४ तब योसेफले आफ्ना दाजुभाइहरूलाई भने, "कृपा गरी मेरो नजिक आओ।" उनीहरू नजिक गएपछि तिनले भने, "तिमीहरूले मिश्रमा बेचेको तिमीहरूको भाइ म नै हुँ। ५ तिमीहरूले मलाई बेचेकोमा अब दुःख नमान। आफैमाथि रीस पनि नगर, किनकि प्राणहरू बचाउनका निम्ति परमेश्वरले मलाई तिमीहरूका अगि यहाँ पठाउनुभएको हो। ६ देशमा अनिकाल भएको दुई वर्ष भयो, र अझै पाँच वर्षसम्म कहीं पनि हलो जोतिनेछैन, र अनाजको कटनी पनि हुनेछैन। ७ तर तिमीहरूको एउटा भाग पृथ्वीमा जोगाएर राख्न र तिमीहरूमध्ये धेरै प्राण बचाउन भनी परमेश्वरले मलाई तिमीहरूभन्दा अगि यहाँ पठाउनुभएको हो। ८ "यसैले मलाई यहाँ पठाउने तिमीहरू होइनौ, तर परमेश्वर नै हुनुहुन्छ। उहाँले मलाई फारोका बाबुतुल्य र उनका सारा परिवारका प्रभु र मिश्रभरिका अधिपति तुल्याउनुभएको छ। ९ अब झट्टै मेरा बाबुकहाँ गएर उहाँलाई भन, 'तपाईंको छोरो योसेफ यसो भन्छः परमेश्वरले मलाई सारा मिश्रका मालिक तुल्याउनुभएको छ। कति पनि अबेर नगरी मकहाँ आउनुहोस्। १० तपाईं गोशेन प्रदेशमा बसोबास गर्नुहोला। तपाईं र तपाईंका बालबच्चाहरू र तपाईंका नातिनातिनाहरू र तपाईंका बगालहरू र तपाईंसँग भएका जे-जति सबै मेरो नजिकै हुनेछन्। ११ त्यहाँ म तपाईंको पालनपोषण गर्नेछु, किनकि अनिकालका अझै पाँच वर्ष बाँकी नै छन्, नत्रता तपाईं र तपाईंका परिवार र तपाईंसँग भएका सबै दरिद्र हुनेछन्।'

दाजुहरूले युशूफलाई बिदेशी व्यापारीहरूलाई बेचेका थिए। उनलाई सिक्रिले बाँधेर इस्राएलबाट मिश्रदेश अर्थात् इजिप्तमा लगेको थियो। त्यसबेला उनको मन कस्तो गरि रोयो होला। उनी उँटहरूको पछि पछि लागेर आफ्नो प्रिय गाउँघर र बुबाबाट टाढिन पुगेका थिए। जब बालक युशूफ मिश्रदेशमा लगियो तब उसलाई बेच्न बजारमा उभ्याइएको थियो। त्यसबेला उनलाई किन्न आउनेहरूले उनलाई कति पल्ट उनी ठीक छ कि छैन भनेर घोचे होलान्। कतिपय मानिसहरू त्यो भन्दा अलिकतिमात्र दुःख पाएतापनि परमेश्वर र चर्चलाई चतक्कै छोडेको पाइन्छ।

आफ्नो जीवनप्रति तितो बनेर परमेश्वरको खिलाफमा उनी जान सक्थ्यो। तर उनको प्रतिकूल तथा भयानक परिस्थितिमा पनि आफू परमेश्वरप्रति बफादार हुने निर्णय उनले गरेका थिए। उनको जीवनमा र

दिमागमा धर्म र अधर्मको महान् द्वन्द नाटकिय रूपमा चलेको थियो। तर परमेश्वरमा भरपरेर आफूलाई सम्हाल्दा उनी त्यसबेलाको मिश्रदेशको एक शक्तिशाली सेनापतीको घरमा दास हुन पुगेको थियो। परमेश्वरको आशिर्वादले उनले आफ्नो मालिकको बिश्वास उनले जित्न सक्यो (उत्पत्ति ३९:१-४)। पछि आएर दास हुन बेचिएको युशूफ शक्तिशाली इजिप्त अर्थात् मिश्रदेशको प्रधानमन्त्री हुन पुगेको थियो।

अब्राहमका सन्तान-इसहाक र उनका छोराहरूमा परिवारको त्यही झमेलामा परेर दुःख पाउन पुगेको थियोः झुठो बोल्ने र छल गर्ने। झुठो बोल्दा ठूलो दुष्ट परिणाम निस्केो युशूफको कथाबाट हामी पाउँछौं। तर त्यसको अन्त रमाइलो पूर्वक भएको हामी पाउँछौं। तपाईंले सोच्नुभएको अनुसार परस्थिति अनुकूल नभएतापनि परमेश्वरमाथि तपाईंको निष्ठालाई कसरी बलियोसँग पकडेर राख्ने जसरी युशूफले गरेका थिए?

## उपसंहारः

थप जानकारीः परमेश्वरले सृष्टि गर्नुभएको यस संसार भएतापनि, उहाँको हत्केलामा पृथ्वी रहेतापनि ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान् बिबादिय अन्तरद्वन्दको कारण परमेश्वरकै जनहरू भनिएतापनि तिनीहरूको जीवन मखमली जीवन थिएन भनेर बाइबलले खुलासा गरेको पाइन्छ। जब आदम र हव्वाले आफ्नो छोराहरूलाई प्यार गरेका थिए तब तिनीहरूले ती छोराहरूमा एक जना हत्यारा भएर निस्किनेछ भनेर तिनीहरूको दिमागमा कहिलै पनि पसेको थिएन। मोशाले जिफोरालाई बिबाह गरेपछि तिनीहरूको जीवन समुद्र जस्तो हुनेछ भनेर तिनीहरूले कहिलै पनि सोचेका थिएनन्। युवती लियाहले याकूबसँग बिवाह गर्दा उनको भविष्य रमाइलो हुन्छ भनेर के तिनले सोचेका होलान्? परमेश्वरका अगमवक्ता यर्मियालाई उहाँको सन्देश सुनाउन उहाँलाई परमेश्वरले चुन्दा आफ्नै मानिसहरूले उनलाई गद्दारी, देशद्रोही भनेर उनीमाथि हमला गर्लान् भनेर के उनलाई थाहा थियो त? राजा दाउद र बेथशिबाको कथा अर्कै रूप लिएको भए कस्तो हुने थियो होला भनेर के हामीले सोचेनन् होला? येशूकै मामिलामा हेरौं। स्वर्गलाई त्यागेर येशू यस संसारमा आउनुभयो र उहाँ मृत्युको मुखमा पर्नुभयो। तर उहाँ मर्न भनेर नै आउनुभएको त हो। उहाँको मानवतालाई हेरौं। उहाँको जन्म पनि हामी जस्तै माटोबाट भएको हो। कतिपय समयमा येशूको चित्कार हाम्रो पनि जस्तै भएको पाइन्छ। गेतसमनीमा उहाँले बेदनाको भुमरीमा पर्दा चित्कार गर्नुभएको थियो "हे, मेरा

पिता, यदि सम्बभ भए यो कचौरा मबाट हटियोस्..." (मत्ती २६:२९ रूपान्तरित)। ३३ बर्षकै कलिलो उमेरमा उहाँलाई यातना दिएको थियो, उहाँको खिल्ली उडाएको थियो र अन्तमा रोमी सरकारको अत्यन्त निर्मम सजायँ दिएर उहाँलाई क्रुसमा झुण्ड्याइएको थियो। निर्दोषी येशूलाई त्यस दण्ड भोग्नु पर्ला भनेर कसलाई थाहा थियो र? यो संसार जतिसुकै रमाइलो देखिएतापनि वा अनेकन् सापति आश्वासनले मानिसहरूलाई बहलाएतापनि कतिपय समयमा हामी फोहर पानीमा डुबुल्की मार्न बाध्य भएको पाउँछौं। तर हामी अचम्म मान्नपर्दैन, पर्छ र? पापको प्रदुषणमा लिप्त भएको यस पतित संसारमा हामीले के अपेक्षा गर्न सक्छौं र? अदन हाम्रोबाट गायब भएको छ। तर त्यो फेरि देखा पर्नेछ। तर जब त्यो फेरि हामीले फिर्ता पाउँछौं तब त्यसबाट बिछोड भएको अन्तराल भन्दा त्यहाँ हुने जीवन हामीले सोचेको भन्दा उज्ज्वल हुनेछ।

**चिन्तनमननः**

अ. बाइबलमा पनि दाजुभाईहरूको बीचको अन्तर देखाएको छः परमेश्वरमा विश्वास गर्ने र नगर्ने। तिनीहरू किन फरक भए त?

आ. बर्तमान परिप्रेक्ष्यमा पनि दाजुभाई दिदीबहिनीहरूको बीचमा भएको झगडा र डाहलाई परमेश्वरको प्रेमले मत्थर गर्न सक्छ भन्ने केही प्रमाण छ? सकारात्मक दिलले भोलीको दिन पनि सकारात्मक हुन सक्छ भन्ने के हामी बिश्वास गर्न सक्छौं? जुनसुकै प्रतिकूल परिस्थितिमा पनि परमेश्वरमा भरोसा राखियो भने उहाँले सबै थोक सम्हाल्नुहुनेछ भन्ने फराकिलो चित्र के तपाईंको मण्डलीका परिवारहरूलाई तपाईंले दिन सक्नहुन्छ?

इ. संसारमा एक्लै छु र जीवन बेकार र अनर्थको छ भनेर मन खिन्न गरेर बस्ने तपाईंका मित्रहरूलाई कस्तो आश्वासन दिन सक्नुहुन्छ?

ई. तपाईंको जीवन तपाईंले सोचेको भन्दा फरक हुन गएकोले अनन्त जीवनको प्रतिज्ञाले तपाईंको निराशाहरूले तपाईंलाई नथिच्न कसरी सहायता गर्न सक्छ?